# स्थानीय राजपत्र

**देवदह नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ३) देवदह नगरपालिका, मिति: २०७८/१२/१० (संख्या ४**


## भाग–२

### देवदह नगरपालिका, रूपन्देही

देवदह नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम देवदह नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७८ सालको कार्यविधि नं. ४**

**कार्यविधिको नाम : देवदह नगरपालिकाको अटो रिक्सा, ई–रिक्सा दर्ता तथा व्यवस्थापन कार्यविधि, २०७८**

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७८/१२/०९

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गरी लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र

न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न, सार्वजनिक यातायातमा सहजतता प्रदान गर्न र अटोसवारी साधन संचालनलाई व्यवस्थित, मर्यादित बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ को (क) ले दिएको अधिकार प्रयोग गरी देवदह नगरपालिकाले अटो रिक्सा, ई– रिक्सा दर्ता तथा व्यवस्थापन कार्यविधि, २०७८ जारी गरेको छ।

**(१) देवदह नगरपालिका कार्यालयमा दर्ता नगरी नगर क्षेत्र भित्र अटो रिक्सा चलाउन नपाइनेः**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम देवदह नगरपालिका कार्यालयमा दर्ता नगरी कोही कसैले पनि नगर क्षेत्रभित्र अटो रिक्सा, ई– रिक्सा संचालन गर्न पाइने छैन। सम्बन्धित सवारी धनीले रुट परमिटका सम्पूर्ण शर्तहरु पुर्णरुपमा पालना गर्नुपर्नेछ। अन्यथा यस कार्यालयबाट अनुगमनमा खटिएका जनप्रतिनिधि, कर्मचारी, नगर प्रहरीले जरिवाना गर्नेछन्। तोकिएको पार्किङस्थल भन्दा अन्यत्र पार्किङ गरेको पाइएमा पहिलो पटक रु ५०, दोस्रो पटक रु २०० जरिवाना र तेश्रो पटकमा दर्ता खारेज समेत गर्न सकिनेछ।

**(२) नगरपालिकामा दर्ता /पार्किङ सम्बन्धी व्यवस्थाः**

१. सार्वजनिक रुपमा यस क्षेत्रमा अटोरिक्सा, ई– रिक्सा संचालन गर्न चाहने व्यवसायीले अनुसूची– १ बमोजिमको ढाँचामा फारम भरी दर्ताको लागि यस नगरपालिका कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी समक्ष दरखास्त दिनु पर्नेछ। बढ्दो सवारी चापका कारण हुने सडक दुर्घटनालाई न्यूनीकरण गर्नका लागि अटो रिक्सा संचालन

इजाजत दिँदा सडकको अवस्था, यात्रुको चापलाई ख्याल गरिनेछ।

२. अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन समिति गठनः अटो रिक्साको समग्र व्यवस्थापन दर्ता, संख्या निर्धारण, नविकरण, रुट निर्धारण, पार्किङस्थल निर्धारण, भाडादर निर्धारण र अनियमित गर्नेलाई जरिवाना समेत गरी समग्र व्यवस्थापन गर्नका लागि कार्यपालिका सदस्यको संयोजकत्वमा सरोकारवाला सहित तपशील बमोजिमको एक समिति कार्यपालिका बैठकले गठन गर्नेछ।

(क) कार्यपालिका सदस्यहरु मध्ये एक जना संयोजक

(ख) कार्यपालिका सदस्यहरु मध्येबाट एक जना महिला अनिवार्य रहनेगरी दुई जना सदस्य

(ग) नगरस्तरीय अटो रिक्सा सञ्चालक सम्बद्ध समितिबाट दुई जना सदस्य

(घ) उपभोक्ता अधिकारकर्मीमध्येबाट नगर कार्यपालिकाले तोकेको एक जना सदस्य

(ङ) नगरपालिकाको आर्थिक विकास शाखा प्रमुख सदस्य–सचिव

३. उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु रित पुगे पुगे/नपुगेको, आवश्यक कागजात भए/ नभएको अध्ययन गरी तोकिएको दस्तुर लिई निजलाई अनुसूची– २ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र प्रदान गरिनेछ।

(३) **रिक्साचालक वा व्यवसायीहरुले समिति गठन गर्न सक्नेः** यस नगरपालिकामा सञ्चालन हुने रिक्सा व्यवसायी वा चालकहरु व्यवसायिक एकताका लागि सम्बन्धित निकायमा दर्ता भई संगठित हुन सक्नेछन्। तर, नगरमा चल्ने रिक्साको संख्या, रुट, भाडादर

लगायत सम्बन्धित विषयको निर्णय नगरपालिकाले गठन गरेको समितिले मात्र गर्नेछ।

(४) **दर्ता प्रमाण पत्रको अवधिः** दफा (२) बमोजिम प्रदान गरिएको सवारी साधन दर्ता प्रमाण पत्र खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ।

(५) **दर्ता प्रमाण पत्रको नवीकरणः** दर्ता प्रमाण पत्रमा लेखिएको म्याद नाघेको ३ महिना भित्र दर्ताको प्रमाणपत्र नवीकरण गराईसक्नु पर्नेछ। ३ महिना म्याद नाघी नवीकरण गराउन आउने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको १ वर्षसम्म १०० प्रतिशत, २ वर्षसम्म २०० प्रतिशत, ३ वर्षसम्म ३०० प्रतिशत, ४ वर्ष सम्म ४०० प्रतिशत र ५ वर्षसम्म ५०० प्रतिशत दस्तुर समेत लिइ त्यस्तो दर्ता प्रमाण पत्रको नवीकरण गर्नु पर्नेछ।

(६) **नवीकरण सम्बन्धी विशेष व्यवस्थाः** माथि जुनसुकै कुरा लेखिएको भएता पनि सवारी धनीले ५ वर्ष सम्मको लागि एकै पटक नवीकरण गराउन चाहेमा ५ वर्ष सम्मको लागि लाग्ने नवीकरण दस्तुर एकमुष्ट लिइ दर्ताको प्रमाण पत्र ५ वर्ष सम्मको लागि एकै पटक नवीकरण गर्न सकिनेछ।

(७) **दर्ता प्रमाण पत्रको प्रतिलिपि दिने व्यवस्थाः** कुनै रिक्साधनीले प्रमाणपत्र हराए वा नासिएको कारणबाट प्रमाणपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा तोकिएको दस्तुर लिई प्रमाण पत्रको प्रतिलिपि दिनु पर्नेछ।

(८) **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिए जति सबै यसै बमोजिम हुने र अन्यको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ। कार्यविधिलाई कार्यपालिका बैठकले आवश्यक संसोधन गर्न सक्नेछ।

# अनुसूची-१
## दफा २ को उपदफा (१) सँग सम्बन्धित
## विषयः अटो रिक्सा, ई-रिक्सा दर्ता सम्बन्धमा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
देवदह नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही

| दरखास्तवालाको फोटो |
|---|

मेरो/हाम्रो नाममा खरिद भएको निम्न विवरण भएको सवारी (ई-रिक्सा/अटो रिक्सा) रुट इजाजत प्राप्तिका लागि आवश्यक प्रमाणपत्रहरु यसै साथ राखि पेश गरेको छु। दर्ता गरी रुट इजाजत दिनुहुन सादर अनुरोध गर्दछु।

सवारी धनीकोः

नम थरः

ठेगानाः

मोबाईल नम्बरः

पिता वा पति/पत्नीको नाम थरः

सवारी दर्ता नं

सवारीको किसिमः

सवारी बनाउने कम्पनीको नामः

सवारी बनेको सालः

सवारीको मोडेलः

सवारी हर्षपावरः

सवारीको इञ्जिन नं

सवारीको चेसिज नं

सवारीको रंगः

सवारीको प्रयोगः निजी/भाडा

सवारीमा चालक सहित क्षमताः

सवारीको इन्धनः पेट्रोल/डिजल/ब्याट्री

यस दरखास्त फाराममा उल्लिखत सम्पूर्ण व्यहोरा ठीक साँचो छ। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला।

कम्पनी/संस्थाको छाप

दरखास्तवालाकोः
दस्तखतः
नाम, थरः
मितिः

## अनुसूची-२
## दफा २ को उपदफा (३) सँग सम्बन्धित
## देवदह नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## केरवानी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
## सवारी साधन दर्ता प्रमाण-पत्र

नगरपालिका दर्ता नः-

सवारी धनीको नाम थरः

ठेगानाः

पिता वा पतिको नाम थरः

सवारी दर्ता नंः

सवारीको किसिमः

सवारी बनाउने कम्पनीको नामः

सवारी बनेको सालः

सवारीको मोडेलः

सवारी हर्षपावरः

सवारीको इन्जिन नं

सवारीको चेसिज नं

सवारीको रंगः

सवारीको प्रयोगः निजी/भाडा

सवारीमा चालक सहित क्षमताः

सवारीको इन्धनः पेट्रोल/डिजल/ब्याट्री

अधिकृतको दस्खत

नविकरण

| आर्थिक वर्ष | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर, भौचर नं र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रमाणीकरण मिति : २०७८/१२/१०

आज्ञाले
डिल्लीराज बेल्बासे
प्रमुख प्रशासकीय अधिकृत